(मिति २०७९ कार्तिक १४ गते सोमबार मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

मुकाम: बुटवल, रुपन्देही

# कृषि एम्बुलेन्स माग सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०७९/०७/१४

चालु आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स खरिद कार्यक्रम' मा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०७९/०८/१३ गतेसम्म) यस मन्त्रालय मातहतका जिल्लास्थित कृषि तथा पशु सेवा हेर्ने कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक कार्ययोजनाको ढाँचा, व्यावसायिक विवरणको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, कार्यक्रम सञ्चालन कार्यविधि, मापदण्ड र स्वीकृत स्पेसिफिकेशन जिल्लास्थित कार्यालय वा कृषि विकास निर्देशनालयको वेबसाईट (doad.lumbini.gov.np) वा मन्त्रालयको वेबसाईट (molmac.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि मन्त्रालयको सम्पर्क नम्बर ०७१-५५०१२३ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

| कार्यक्रम | गर्नुपर्ने क्रियाकलापहरू | कृषि एम्बुलेन्सको मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| कृषि उपज ढुवानीको लागि कृषि एम्बुलेन्स खरिद | स्वीकृत मापदण्ड अनुसार न्यूनतम मापदण्ड पुरा गरेका आवेदकहरूले Single cab pick up (2WD/4WD) खरिद गर्नुपर्ने | मन्त्रालयले स्वीकृत गरेको प्राविधिक स्पेसिफिकेशन र मापदण्ड अनुसार | लुम्बिनी प्रदेशको प्रत्येक जिल्लामा कम्तिमा १ र बढीमा ३ वटा ढुवानी साधन उपलब्ध हुनेछ । | कृषक समूह वा कृषि सहकारी वा निजी फर्म वा कम्पनी वा संस्था | कार्यविधिको अधिनमा रही कुल लागतको ५० प्रतिशत वा अधिकतम १२ लाख ५० हजार प्रति प्रस्ताव |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. निवेदन ।

२. आधिकारिक निकायमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

३. स्थायी लेखा नम्बर प्रमाणपत्र, गत आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र/ extension letter र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (मन्त्रालयको वेभसाइटमा उल्लेख भए बमोजिमको ढाँचामा) ।

५. व्यवसायको व्यावसायिक विवरण (मन्त्रालयको वेभसाइटमा उल्लेख भए बमोजिमको ढाँचामा) ।

६. सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी शाखा वा सम्बन्धित जिल्लास्थित कृषि वा पशु सेवा हेर्ने कार्यालयबाट सिफारिस पत्र ।

७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि ।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।(निजी फर्म/कम्पनी वा संस्थाको हकमा)

९. बिगत १० वर्षमा कुनै पनि निकायबाट ट्याक्टर बाहेक ढुवानी साधन कृषि कार्यको लागि अनुदानमा प्राप्त नगरेको व्यहोराको स्वघोषणा पत्र ।